नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

# बालबालिकाको पहिचानको अधिकार तथा जन्मदर्ता सम्बन्धी विषयमा अध्ययनका लागि आशयपत्र आह्वान गरिएको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/११**

राष्ट्रिय बाल अधिकार परिषद्ले युनिसेफ नेपालसँगको सहकार्यमा सन् २०२२ डिसेम्बरसम्मका लागि सञ्चालन गरिरहेको Deep Dive study on Civil Registration and Vital Statistics (CRVS) कार्यक्रम अन्तर्गत बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतिहरुको विषयमा राष्ट्रिय अध्ययन कार्य गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका इच्छुक व्यक्ति,परामर्शदाता, फर्म/कम्पनी/संस्थाहरुले तोकिएको ढाँचामा देहाय वमोजिमको विवरण खुलाई सूचना प्रकाशित भएको मितिले १६ दिनको १२ वजेभित्र आवश्यक आशयपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागियो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढाँचा यस परिषद् वा परिषद्को वेबसाइट www.ncrc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक आशयपत्रदाताले तोकिएको ढाँचामा निम्नानुसारको कागजात सहित आशयपत्र पेश गर्नुपर्नेछः-
    क. आशयपत्रको आवेदन,
    ख. आशयपत्रदाताको विस्तृत विवरण (दर्ता, नवीकरण, मू.अ.क. दर्ता र करचुक्ता प्रमाणपत्र),
    ग. आशयपत्रदाताको प्रोफाइल तथा कार्य अनुभव,
    घ. आशयपत्रदाताको भौतिक पूर्वाधार तथा उपकरणको विवरण,
    ङ. आशयपत्रदाताको पूरा ठेगाना, सम्पर्क नं. र इमेल समेत,
    च. आशयपत्रदाता कालोसूचीमा नरहेको स्वघोषणा पत्र,
    छ. आशयपत्रदाताको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्यानुभवको विवरण ।
३. इच्छुक आशयपत्रदाताले आवश्यक विवरण तथा उल्लेखित कागजातहरु सहित संलग्न गरी सिलबन्दी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरी सहिछाप समेत गरी यस परिषदमा दर्ता गर्नुपर्नेछ । रीत नपुगेको, म्याद नाघी आएको, सहिछाप र सिलबन्दी नभएको र कुनै शर्त उल्लेख भई आएको तथा यस सूचना सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको आशयपत्र उपर कुनै कारबाही हुने छैन ।
४. सूचना प्रकाशित भएकोमितिले १६ औं दिनको १२ वजेभित्र यस परिषदमा आशयपत्र दर्ता भई सक्नुपर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको १:०० वजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा यस परिषद्को कार्यालयमा खोलिनेछ । आशयपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि आशयपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा खोलिनेछ ।
५. आशयपत्र मूल्याङ्कनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरी मूल्याङ्कनको माथिल्लो श्रेणीमा रहेका कम्तिमा ३ देखि ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक र आर्थिक प्रस्तावका लागि आमन्त्रण गरिनेछ ।
६. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमका लागि आशयपत्र पेश गर्न इच्छुक आवेदकले आशयपत्र पेश गर्दा मुख्य भई काम गर्ने प्रमुख संस्था खुलेको विवरण र उपक्रमको रुपमा गर्ने सम्बन्धित संस्थासँगको सम्झौताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
७. यस आशयपत्र आह्वान सम्बन्धी सूचनामा छुटेका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र यसको नियमावली २०६४ बमोजिम हुनेछ ।
८. आशयपत्रदाताले पेश गरेको सिलबन्दी आशयपत्र स्वीकृत गर्ने वा नगर्नेबारे सम्पूर्ण अधिकार परिषदमा निहित रहनेछ ।
९. आशयपत्र सम्बन्धी थप जानकारीका लागि परिषद्को ०१-५५५०१२१ मा सम्पर्क गर्न सकिनेछ ।